मन्थन

पुस्तक समीक्षा

जीव विकासका प्रमाणहरू



पुस्तक : *द ग्रेटेस्ट शो अन अर्थ : द एभिडेन्स फर एभ्युलुसन*
लेखक : रिचार्ड डकिन्स
प्रकाशक : ब्ल्याक सवन, यूके, २०१०
पृष्ठ : ४८०
मूल्य : ९.४८ स्टर्लिङ पाउण्ड
ISBN: 13: 978-0552775243

समीक्षक : दिनेशराज भुजु

"जीव विकासका प्रमाणहरू दिनानुदिन थपिंदैछन्, तथापि ती कहिल्यै बलिया हुन सकेनन्" रिचर्ड डकिन्सको *द ग्रेटेस्ट शो अन अर्थ : द एभिडेन्स फर एभ्युलुसन* (जीव विकासका प्रमाणहरू) पुस्तकको भूमिकाको पहिलो वाक्य हो। सन् १८७६ मा डकिन्सको पहिलो पुस्तक सेल्फिस जीन (स्वार्थी वंशाणु) प्रकाशित भएपछि उनी निकै चर्चामा आए। डकिन्सको यो पछिल्लो पुस्तक 'जीव विकासका प्रमाणहरू' जीव विकास सिद्धान्तका प्रतिपादक चार्ल्स डार्विनको २००औं जन्मजयन्ती तथा उनको *ओरिजिन अफ स्पेसिज* (प्रजातिको उत्पत्ति) नामक प्रसिद्ध पुस्तक प्रकाशनको १५० औं वार्षिकोत्सवको अवसरमा छापिएको कृति हो।

लेखक रिचर्ड डकिन्स प्राज्ञिक पृष्ठभूमिले डार्विनका अनुयायी त हुन् नै, सृष्टिवादका कटु आलोचक पनि। कुनै समय अक्सफोर्ड विश्वविद्यालयमा जीव विज्ञानका प्राध्यापक समेत रहेका रिचर्ड डकिन्स धार्मिक रीतिरिवाज र अन्धपरम्पराको विरोधमा खुलेरै अभियान चलाउँछन्। ईश्वरवादीलाई एक र अनीश्वरवादीलाई सात अङ्क दिने उनको मापनमा उनी आफूलाई ६.८ अङ्क दिने गर्छन्। सृष्टिवादले बाइबल वा धार्मिक ग्रन्थमा उल्लेख भए अनुसार जीव र जगत ईश्वरीय सृष्टि हुन् भन्ने विश्वास राख्दै जीवनको विकासवादी सिद्धान्तलाई निषेध गर्छ।

प्रजातिको उत्पत्ति

सन् १८५९ मा प्रकाशित चार्ल्स डार्विनको पुस्तक *प्रजातिको उत्पत्ति* विमोचनकै दिन सम्पूर्ण; १२५० प्रति नै बिक्री भएको थियो। डार्विनकै जीवनमा उक्त पुस्तकका ६ वटा संस्करण निस्किए; लोकप्रियताको चुलीमा त त्यो थियो नै; त्यसले त्यतिन्जेलसम्मका सम्पूर्ण मान्यतालाई पनि प्रतिस्थापित गरिदियो। के समाजशास्त्र, के अर्थशास्त्र, के धार्मिक दर्शन, सबैमा डार्विनको त्यो सिद्धान्तले हलचल ल्याइदियो। डार्विनले आफ्नो पुस्तकमा पृथ्वीमा पहिला एउटा सामान्य जीव पैदा भई त्यसबाट आजका यावत् जीवहरूको विकास भएको हो भन्ने विश्लेषण गरेका छन्। उनले त्यसनिम्ति प्रशस्त प्रमाण पनि राखेका छन् र कतिवटा अवस्थालाई परिकल्पनामा छाडेका छन्। डार्विनको उक्त विचार मीमांसा नै जीव विकासको सिद्धान्त बन्यो। त्यही समयको हाराहारीमा 'पूँजी' को दोस्रो भाग तयार पार्दै गरेका कार्ल मार्क्सले आफ्नो कृति चार्ल्स डार्विनको नाममा समर्पित गर्न चाहेका थिए। मार्क्सले डार्विनको सिद्धान्तलाई समाज विकासको व्याख्या गर्न अत्यन्त सहयोगी आधार मानेका थिए।

रिचर्ड डकिन्सको यो पछिल्लो पुस्तक *'जीव विकासका प्रमाणहरू'* मा कुल १३ वटा अध्याय छन्। पहिलो अध्यायको शीर्षक छ *'मात्र एउटा सिद्धान्त?'* कुनै पनि परिकल्पना (हाइपोथेसिस) प्रमाण जुटेर स्थापित भएपछि त्यो सिद्धान्त बन्छ। वैज्ञानिकहरू सिद्धान्तलाई यसरी नै बुझ्छन्। तथापि अक्सफोर्ड शब्दकोशले सिद्धान्तलाई 'परिकल्पना' वा कुनै 'विचार' भनेर दुइटा अर्थ लेखेको छ। सृष्टिवाद अर्थात् धर्मका अनुयायीहरूले जीव विकासको सिद्धान्तलाई वैज्ञानिकहरूले बुझाउने अर्थमा नभएर; कसैको विचार भन्ने दोस्रो अर्थमा मात्र व्याख्या गरेको पाइन्छ। तर लेखक यस कुरामा असहमति जनाउँछन् र उनीसहित १६ जना विद्वान्, वैज्ञानिक र धर्मगुरुद्वारा हस्ताक्षरित प्रधानमन्त्री टोनी ब्लेयरलाई ध्यानाकर्षण गराइएको पत्र जस्ताको तस्तै पुस्तकमा समावेश गर्छन्। उनले यो अध्यायमा 'तथ्य', 'थेरम' आदि शब्दको दार्शनिक व्याख्या पनि गरेका छन्। उनले एउटा सर्वेक्षणको अङ्कलाई पनि जोडदार रूपमा उठाएका छन्। सन् २००८ मा गरिएको उक्त सर्वेक्षण अनुसार, (४० प्रतिशतभन्दा बढी अमेरिकीहरू मानिसलगायत सम्पूर्ण जीवको सृष्टि ईश्वरले गरेका हुन् भन्ने विश्वास गर्छन्। ती सर्वेक्षणमा समेटिएका मानिसहरू के पनि ठान्छन् भने पृथ्वीको उमेर अहिले १० हजार वर्ष पुगेको छ र हामी जसरी जुन रूपमा सिर्जना भयौं अहिलेसम्म त्यही रूप र ढाँचामा नै छौं। इतिहासको उपेक्षा गर्नेहरूको यो ठूलो जमातबाट वैज्ञानिक मात्र होइन, धार्मिक संस्थाहरू समेत चिन्तित हुनुपर्ने हो भन्दै लेखकले त्यसका निम्ति यो पुस्तक लेखेको बताएका छन्। डकिन्स, डार्विनको विकासवादी सिद्धान्तलाई 'मात्र सिद्धान्त' मा सीमित गर्न चाहँदैनन्।

पुस्तकको दोस्रो अध्यायको शीर्षक छ– कुकुर, गाई र बन्दागोभी। यो अध्यायको पहिलो वाक्य एउटा प्रश्नबाट थालिएको छ, जीव विकासको सामान्य सिद्धान्तसम्म पुग्न डार्विनहरूलाई किन यति धेरै

मानिस बाँदरको सन्तान वा शाखा होइन। हो; मानिस र बाँदरका पुर्खा समान देखिन्थे, दुई करोड ५० लाख वर्ष पहिले। यसबीच उदाएका थुप्रै हाम्रा पुर्खाहरू कहाँ गए त ? प्रश्न स्वाभाविक छ र उत्तर पनि प्राप्त हुँदैछन्। मानिसको नजिकको नातेदार भनेको चिम्पाञ्जी हो।

समय लाग्यो ? जीव विकासको सिद्धान्त त न्यूटनको गुरुत्वाकर्षण भन्दा पहिले प्रतिपादित हुनुपर्ने हो। जबकि जीव विकासको सिद्धान्त न्यूटनको भन्दा १५० वर्षपछि मात्र वैज्ञानिक समुदायमा झुल्कियो। कारण पुष्टि गर्न लेखकले अर्का ठूला वैज्ञानिक अर्न्स्ट मायरको विचार समातेका छन्। मायर भन्छन्, "प्लुटोको आसक्ति ज्यामितिमा थियो जबकि ज्यामितीमा न खरायो अटाउँछ न अन्य प्राणी।" तत्ववाद (इसेन्सालिज्म) ले फेरि खरायोलाई खरायो मात्र देख्छ, खरायो भन्दा बढी ऊ त्यसमा केही देख्दैन। यही घेराभित्र रहन पुगेका सम्पूर्ण वैज्ञानिक समुदायले जीव विकासको धागो उन्ने प्रयास नै गरेनन्। यस्तो एकोहोरोपनाले हामीलाई कतिसम्म हुस्सु बनाइदिन्छ भन्ने कुराको पुष्टि गर्दै लेखक २५ सेकेन्डको बास्केट बल खेलको एउटा भिडियोको चर्चा गर्छन्। उक्त भिडियो हेर्नुअघि दर्शकलाई भिडियोमा बास्केट बल भुईंमा कतिचोटि बजारिन्छ वा छुन्छ, गन्ती गर्न भनिन्छ, दर्शक गन्तीमा लाग्छन्। भिडियोको मध्य भागतिर एउटा गुरिल्ला आउँछ र नाचेर जान्छ। तर बास्केटबलको गन्तीमा लागेका कोही पनि दर्शकले ऊ आएको र गएको भेउ पाउँदैनन् जबकि गुरिल्लाको भेषमा एकजना मानिस उक्त भिडियोमा नौ सेकेन्डसम्म देखापर्छ।

जीव विकासको व्याख्यामा धेरैपल्ट प्रयोग हुने शब्द हो 'प्रजाति' अर्थात् 'स्पेसिज'। मानिस एउटा प्रजाति हो, बन्दाकोभी अर्को, बाघ एउटा प्रजाति हो भने आँपको रूख अर्कै। वैज्ञानिकहरू संसारमा यस्ता प्रजाति कति छन् भनेर यकिनका साथ भन्न सक्दैनन्। संसारमा १० लाखदेखि १ करोडभन्दा बढी प्रजाति भएको अनुमान गरिन्छ। यी प्रजाति प्रकृतिले सृष्टि गर्ने नभई ती आफैं प्रकृतिमा पैदा हुँदै जाने हुन्। उदाहरणका लागि खरायोको पुर्खा खोज्दै-खोज्दै गयौं भने धेरै टाढा पुगेपछि त्यो खरायोको रूप फरक भेटिन्छ। एउटा विन्दुमा पुगेपछि त्यो वंश-वृक्षको हाँगो नै बदलिन्छ। यसरी बदलिएको हाँगो समात्दै जाँदा चितुवातिर पनि पुग्न सकिन्छ।

धेरैलाई के लाग्छ भने दुई फरक-फरक रङका एउटै प्रजातिका फूल मिसाउँदा मिश्रित रङ देखापर्छ। जस्तो, रातो र सेतो गुराँस मिसाउँदा रातो-सेतो छिर्केमिर्के गुराँस। तर प्रकृतिमा त्यस्तो हुँदैन। डार्विनले बडो धैर्यपूर्वक एउटा प्रयोगमार्फत यस्तो हुन्छ भनेर पत्ता लगाएका थिए, जुन कुरा उनले अर्का सहकर्मी आलोचक अल्फ्रेड वालेसलाई एउटा पत्रमार्फत लेखेका थिए। दुर्भाग्य नै मान्नुपर्छ कि डार्विनले त्यतिबेला अष्ट्रियाका पादरी वैज्ञानिक ग्रेगोर मेण्डलको रचना अध्ययन गर्ने मौका पाएनन्। मेण्डलले प्रजातिहरूको गुण कसरी स्थानान्तर हुन्छ भनेर केराउका बोटमा गरेका प्रयोगहरूको व्याख्या गरिसकेका थिए।

प्रजातिहरूको उत्पत्ति र परिवर्तनको सिलसिलामा डार्विनद्वारा प्रतिपादित उदाहरणको व्याख्या गर्दै लेखकले कसरी मानिसले प्राकृतिक रूपमा भइरहेको प्रजाति निकासलाई उछिन्न पुगेको छ भनेर व्याख्या गरेका छन्। प्रजातिहरू सधैं स्थिर हुँदैनन्, फेरिन्छन्। डकिन्स जोड दिएर लेख्छन्– यही कुरा सृष्टिवादीहरूलाई बुझाउनु जरूरी छ।

पुस्तकको उपसंहारमा लेखकले पृथ्वीमा हाम्रो उपस्थिति कुनै आश्चर्यजनक घटना र अलौकिक शक्तिले नभई जीव विकासको चरणमा हासिल भएको अवस्था हो भन्ने व्याख्या गरेका छन्। समग्र पुस्तक एउटा सच्चा वैज्ञानिकको निर्भयपूर्ण प्रस्तुति हो जसमा, उनको विज्ञानप्रतिको पूर्ण इमानदारी झल्किन्छ।

छनोटको विषय

पुस्तकको तेस्रो अध्यायमा डकिन्सले मानिसद्वारा गरिने कृत्रिम छनोट र प्रकृतिमा हुने प्राकृतिक छनोट सम्बन्धी डार्विनको सिद्धान्तको व्याख्या गरेका छन्। हामी बगैंचामा थरी-थरीका गुलाब देख्छौं। मानिसहरू अनेक थरीका कुकुर पाल्छन्, मासु र अण्डाका लागि छानिएका कुखुरा छुट्टै हुन्छन्। यी सबै छनोट मानिसले आफ्नो रुचि र आवश्यकतानुसार गरेका रूपान्तरण हुन्। कालान्तरमा ती छुट्टै प्रजाति वा उप-प्रजाति भई जान्छन्। प्रकृतिमा पनि यस्तो छनोट चल्छ। डार्विन र वालेस दुवैले आइग्रेकम सेस्किपेडल नामको एउटा विशिष्ट प्रकृतिको झन्डै एक फिट लामो रस नली भएको सुनगाभा देखे। डार्विनले के भविष्यवाणी गरे भने प्रकृतिमा त्यति नै लामो सुँड भएको कुनै पुतली वा यस्तै कुनै प्रजाति हुनैपर्छ। नत्र त्यो सुनगाभाको परागसेचन कसरी सम्भव हुन्छ ? नभन्दै माडागास्कर टापुमा हक-मथ भन्ने लामो सुँड भएका राति उड्ने पुतली फेला पऱ्यो।

चौथो अध्यायमा लेखकले पृथ्वीको इतिहास पत्ता लगाउने विधिबारे चर्चा गरेका छन्। वैज्ञानिकहरूका अनुसार पृथ्वीको सृष्टि भएको ४.६ अर्ब वर्ष भएको छ जबकि यथास्थितिवादीहरू पृथ्वीको उमेर ६ हजार वर्ष मात्र भएको दावी गर्छन्। पृथ्वीका विभिन्न स्थानहरूमा भेटिएका डाइनोसरका अवशेषबाट वैज्ञानिकले ती कसरी देखापरे भन्ने चर्चा गरेका छन्। उनीहरू के अनुमान गर्छन् भने त्यो भीमकाय प्राणी आजभन्दा २० करोड वर्षअघि पृथ्वीका धेरै भागमा विचरण गर्थ्यो। यस प्रकारको समय वैज्ञानिकहरूले कार्बन-१४ जस्ता तत्वहरूका माध्यमद्वारा थाहा पाउँछन्। त्यस्तै १०० हजार वर्षको इतिहास थाहा पाउन उनीहरू 'डेन्ड्रोक्रोनलजी' विधाको सहयोग लिन्छन्। यसरी पृथ्वीको जन्म, विभिन्न कालखण्डमा देखापरेका प्राणीहरूको आकारप्रकार र उत्पत्ति कुनै कोरा कल्पना नभएर प्रमाणसहितको वैज्ञानिक पुष्टि हो भन्ने आधार मिल्छ।

पुस्तकको पाँचौं अध्यायमा लेखक प्राकृतिक छनोटको शृंखलामा सूक्ष्म जीवाणुहरूको प्रयोगको उदाहरणसहित गहकिलो विश्लेषण प्रस्तुत गर्छन्। पुस्तकको छैटौं र सातौं अध्यायमा मानवजातिको विषयमा टुटेका कडीहरूको विषयवस्तु समेटिएको छ। जीव विकास सम्बन्धी अध्ययनका लागि अत्यन्तै आवश्यक वस्तु जीवावशेष हुन्। पृथ्वीको इतिहासमा कैयौं जीव देखिए र ती लोप भएर गए। तिनको शृंखला जोड्नु अत्यन्तै चुनौतीपूर्ण छ। जस्तै, मानिस र बाँदरबीचको सम्बन्ध भनेको कम्तीमा दुई करोड ५० लाख वर्ष अगाडिको हो। मानिस बाँदरको सन्तान वा शाखा होइन। केसम्म चाहिं भन्न सकिन्छ भने; मानिस र बाँदरका पुर्खा समान देखिन्थे, दुई करोड ५० लाख वर्ष पहिले। यसबीच उदाएका थुप्रै हाम्रा पुर्खाहरू कहाँ गए त ? प्रश्न स्वाभाविक छ र उत्तर पनि प्राप्त हुँदैछन्। वैज्ञानिकहरूले एक-एक अवशेषहरू खोज्दै हाम्रो वंश-वृक्ष तयार परेका छन्। मानिसको नजिकको नातेदार भनेको चिम्पाञ्जी हो। ऊसित हाम्रो डीएनए ९८.४ प्रतिशतसम्म मिल्छ र सम्बन्ध कम्तीमा ४० लाख वर्ष रहेको छ; अर्थात् मानिसको प्रजाति र चिम्पाञ्जी छुट्टिएको करीब ४० लाख वर्ष गएको छ।

ढुंगाका औजार प्रयोग गर्ने हाम्रा प्रजाति २८ लाख वर्ष पहिलेका हुन् भने आगो प्रयोग गर्नेहरू करीब १५ लाख वर्ष पहिलेका। अहिलेको आधुनिक मानव *होमोसेपिपन्स* दुई लाख ५० हजार वर्ष पहिले देखापरेको मानिन्छ। मानवजातिको यो क्रमिक विकासलाई पुष्टि गर्ने विभिन्न समयका मानव अवशेष र कङ्कालहरू जम्मा पारिएका छन्। उदाहरणका लागि केन्याको नैरोबीमा अवस्थित सङ्ग्रहालयमा राखिएको तुर्काना लड्काको अस्थिपञ्जर। वैज्ञानिक

भाषामा *होमोइरेक्टस्* भनिने यो अवशेष करीब १५ लाख वर्ष पुरानो मानिन्छ र आधुनिक मानवसित मिल्दोजुल्दो छ। अनुसन्धानकर्मीहरू यस्तै अवशेष र अस्थिपञ्जर केलाउँदै तिनको रूपरङ पनि उतार गर्दछन्; साथै तिनको मस्तिष्क कति ठूलो थियो भन्ने अनुमान पनि लगाउँछन्। यसबाट के कुरा प्रष्ट हुन्छ भने आधुनिक मानिसको सृष्टिको इतिहास दशौं हजार वर्ष पुरानो छ र यसको विकास क्रमैसँग भएको हो। तथापि इतिहासलाई अस्वीकार गर्नेहरू यी प्रमाणलाई आधार मान्दैनन् र जीव विकासको सिद्धान्तलाई पन्छाउँछन्। डकिन्स त्यस्ता निषेधकर्ताहरूलाई कुनै पनि सङ्ग्रहालयमा गएर अध्ययन गर्न चुनौती दिन्छन्। यसकारण अध्याय सातको एउटा उपशीर्षकमै उनले लेखेका छन्, 'जानुस् र हेर्नुहोस्'।

पुस्तकको आठौं अध्यायमा एउटा रोचक प्रसङ्ग छ। जे.बी.एस. हाल्देन एक ख्यातिप्राप्त वैज्ञानिक हुन् र विकासवादी सिद्धान्तका पक्षपाती पनि। जीव विकासमा शङ्का मान्ने एकजना पत्रकारले उनलाई एकचोटि प्रश्न गरेका थिए, 'एउटा मामूली कोषबाट कसरी सारा अङ्ग-प्रत्याङ्ग बन्न सक्छ र उसमा त्यसको विचार बुद्धि कहाँबाट पलाउँछ?' उत्तरमा हाल्देनले भनेका थिए, "नौ महीनामा भयो त।" मानिसहरू के भन्छन् भने प्रकृतिका यी यावत् रूप र चाला अत्यन्तै जटिल छ, त्यसैले कोही न कोही त्यहाँ हुनैपर्छ यी सबैको व्यवस्था गर्ने। तर वास्तविकतामा यो होइन, त्यस्तो कोरियोग्राफर हुँदैन, सबै प्राकृतिक नियममा चल्छन्। ख्याति प्राप्त वैज्ञानिक स्टेफेन हकिङ्सले एकफेरा भनेका थिए, "भगवानले कुनै पासा खेल्दैन।" आस्तिकहरूले हकिङ्सको भनाइको चर्को विरोध गरेका थिए।

महादेशहरूको फेरिंदो स्वरूप

जीव विकासको अत्यन्तै बलियो प्रमाण महादेशहरूको चाल हो। डार्विनको समयमा महादेशहरूको फेरिंदो स्वरूप र प्लेट-टेक्टोनिकबारे खासै चर्चा भएको थिएन। १८औं शताब्दीको अन्त्यतिर जर्मन वैज्ञानिक अल्फ्रेड भेग्नरले महादेशहरूको अवस्था सधैं उस्तै नहुने बरु चलायमान भई कहिले एकढिक्का हुने त कहिले छुट्टिने कुरा बताए। भेग्नरको कुराले कैयौं वर्षसम्म अनुत्तरित रहेका प्रश्नहरूको उत्तर मिल्यो। जस्तै; महादेशहरूमा पाइने बीउ वनस्पतिमा कतै समानता र कतै असमानता पाइन्छ। लेखकले आफ्नो पुस्तकको नवौं अध्यायमा यिनै विषयहरूको व्याख्या गर्दै जीव विकासको पक्षमा थुप्रै प्रमाण प्रस्तुत गरेका छन्। डल्फिनलाई मानिसजस्तै बुद्धिमान प्राणी मानिन्छ। यी दुईको मस्तिष्क ओखर जस्तै गुजी परेको हुन्छ। यस्तो किनभने तिनलाई प्राप्त खप्परभित्र सीमित रहेर थुप्रै सूचना संश्लेषण गर्नुपर्ने हुन्छ। अर्को उदाहरण समुद्रको पींधमा पाइने जन्मान्ध जलचरहरू हुन्। अँध्यारोमा रहनेका लागि आँखाको जरुरी नै हुँदैन तर उनीहरूमा आँखाको अवशेष भेटिन्छ जसले जीव विकासको क्रमलाई उजागर गर्छ।

पुस्तकको एघारौं अध्यायमा केही सरल उदाहरण छन्। अत्यन्तै समान देखिने चमेरो र मानिसको अस्थिपञ्जरको तुलना एउटा दृष्टान्त हो। यसै अध्यायमा वंशाणुको रासायनिक संरचना डीएनएको पनि चर्चा गरिएको छ। यी दुवैको उदाहरणले जीव विकासकै सिद्धान्तलाई टेवा पुऱ्याएको छ। बाह्रौं अध्यायमा ऊर्जाको चर्चा छ र जीव जगतले कसरी त्यो किफायती ढङ्गले उपयोग वा सञ्चय गर्छन् भन्ने कुरा जीव विकासको परिदृश्यमा व्याख्या गरिएको छ। पुस्तकको अन्तिम वा उपसंहार अध्यायमा लेखकले पृथ्वीमा हाम्रो उपस्थिति कुनै आश्चर्यजनक घटना र अलौकिक शक्तिले नभई जीव विकासको चरणमा हासिल भएको अवस्था हो भन्ने व्याख्या गरेका छन्। समग्र पुस्तक एउटा सच्चा वैज्ञानिकको निर्भयपूर्ण प्रस्तुति हो जसमा, उनको विज्ञानप्रतिको पूर्ण इमानदारी झल्किन्छ। 📖

(नाप्टका प्राज्ञ डा. भुजु विश्वविद्यालयमा प्राध्यापन गर्छन्।)

दिगोपनका लागि पत्रकारिता

रेडियो सगरमाथा
एफएम १०२ थोप्लो ४ मेघाहर्ज
दक्षिण एसियाको पहिलो सामुदायिक रेडियो
हरदम तपाईंकै साथ दैनिक १८ घण्टा
समाचार, विचार र विश्लेषण, नेपाली रेडियो, नेपाली आवाज

आँखीझ्याल
वातावरण र दिगो विकासका पक्षमा सन् १९९४ देखि निरन्तर
Avenues TV
हरेक बिहीबार साँझ ६:३० बजे
NTV PLUS
हरेक बिहीबार साँझ ७:०० बजे
काठमाडौं बाहिरका
११ वटा
टिभी स्टेशनबाट

नयाँ पुस्ता
हामी किताबका text लाई
context सँग जोड्छौं.....
नयाँ पुस्ताका लागि एउटा फरक कार्यक्रम
NTV PLUS
हरेक सोमबार, मंगलबार, बुधबार
राति ८:०० बजे र शुक्रबार राति ८:३० बजे
Avenues TV
हरेक सोमबार, मंगलबार, बुधबार
साँझ ७:४५ बजे न्यूज @ सेभेनमा
रेडियो सगरमाथा १०२.४ MHz
बिहिबार साँझ ६ बजे र

विकासका लागि बहस
हाका-हाकी
नेपाल वातावरण पत्रकार समूहको मासिक प्रकाशन

नेपाल वातावरण पत्रकार समूह
चक्रपथ-भनिमण्डल, ललितपुर, फोन: ५१५३२४५/५१५३३४२, इमेल: nefej@mos.com.np, वेभ: www.nefej.org.np

स्वचिन्तनको प्रयास



पुस्तक : *यु आर द वर्ल्ड*
लेखक : जिद्दु कृष्णमूर्ति
प्रकाशक : पेरेनियल/हार्पर एण्ड रो, न्यूयोर्क, १९७३
पृष्ठ : १५०
ISBN : 13: 9780060803032

समीक्षक : पुष्पनिधि गौतम

यु आर द वर्ल्ड नामको पुस्तक दार्शनिक जे. कृष्णमूर्तिले दिएका प्रवचनहरूको सङ्ग्रह हो। पुस्तकमा कृष्णमूर्तिले ब्रान्डिज विश्वविद्यालय, क्यालिफोर्निया विश्वविद्यालय वर्कले, स्ट्यानफोर्ड विश्वविद्यालय र क्यालिफोर्निया विश्वविद्यालय सान्ताक्रुजमा दिएका १२ वटा प्रवचन समाविष्ट छन्। मानवीय समस्या, स्वतन्त्रता, मृत्यु, प्रेम आदिलाई उनले आफ्नो प्रवचनको विषयवस्तु बनाएका छन् भने केही मुख्य विषयहरूलाई बुँदागत रूपमा संक्षेपीकरण पनि गरेका छन्। प्रवचनका लागि धर्म–दर्शनका कुनै पनि पुस्तकको अध्ययन नगरेको दाबी कृष्णमूर्ति गर्छन्। आफ्ना अनुयायीहरूलाई पूर्वीय दर्शनले स्वीकारेको गुरु-चेलाबीच हुने ज्ञान साटासाटको बाटो नलिएर अनुसन्धानमूलक सहकार्य अगाडि बढाउन कृष्णमूर्ति आह्वान गर्छन्। उनी भन्छन्, "सँगै अगाडि बढौं र नयाँ अनुभूति गरौं।" पुस्तकमा उनका मौलिक विचार प्रस्तुत गरिएका छन्, यद्यपि लेखकको विचारसँग सहमत नै हुनुपर्छ भन्ने छैन, असहमति जनाउन हामी स्वतन्त्र छौं।

मानवीय समस्याहरूको उत्खनन्

संसारको जुनसुकै ठाउँमा रहे पनि मान्छेले समस्या झेलिरहेकै हुन्छ। व्यक्ति, स्थान र समूहअनुसार समस्या फरक हुन्छन्। विकासोन्मुख मुलुकहरू गरीबी, भोकमरी, रोगव्याधी, अशिक्षा र अन्धविश्वास आदिबाट ग्रस्त छन् भने विकसित मुलुकहरू हिंसा, आतङ्क र अराजकता जस्ता समस्याबाट आक्रान्त छन्। लेखक भन्छन्, विकसित समाज अमर्यादित सुखमा डुबिरहेको छ भने विकासोन्मुख मुलुकका समाज भ्रष्टाचार र अनैतिकतामा। यी समस्यालाई हामी भिन्नभिन्न ढङ्गले हेर्छौं। तर लेखक भन्छन्, यी सबै एक-आपसमा जेलिएका छन् र समाधान एकमुष्ट खोजिनुपर्छ। समस्या उब्जिनुको पछाडि के-के कारण छन् भन्ने विषयमा कृष्णमूर्तिले विस्तृत व्याख्या गरेका छन्। लेखक तर्क गर्छन्, हरेक मानिस विचारद्वारा बाँधिनु प्रमुख समस्या हो। राजनीतिक, धार्मिक वा दार्शनिक समूमा आबद्ध हुनु र आफूलाई अरूद्वारा प्रतिपादित विचारको परिधिभित्र राख्नाले समस्या निम्तिन्छ भन्ने उनको थप तर्क छ।

लेखक भन्छन्, अरूद्वारा प्रतिपादित विचारबाट हाम्रा समस्याको समाधान हुँदैन, बरु हामी त्यसनिम्ति अरूमा भर पर्छौं। जस्तै, विषयविज्ञ, धर्मगुरु, तन्त्रज्ञाता, वैज्ञानिक आदि। दुई हजार वर्षको अनुभवले हाम्रा समस्याहरू धर्म, तन्त्र, विषयविज्ञ आदिबाट समाधान हुँदैन भन्ने प्रमाणित भइसके पनि यो क्रम रोकिएको छैन। समस्या घट्नुको सट्टा दिनानुदिन बढ्दै गइरहेका छन्। सामाजिक अव्यवस्था, अनिर्णय र द्वन्द्वले निम्त्याएका समस्याहरू धार्मिक गुरु वा दोहोऱ्याई-दोहोऱ्याई गरिने मन्त्रोच्चारणबाट पनि समाधान हुन सक्दैन भन्ने विषय प्रमाणित भइसकेको बताउँछन् लेखक। समाजले हामी माथि धर्म र नैतिकताका नाममा थोपरेका नियमले नयाँ समस्याहरू जन्मिएका छन्। हामी यसरी थोपरिएका नियमलाई प्रश्न गर्दैनौं अनि आफ्ना समस्याका लागि आफैं जिम्मेवार बन्न पुग्छौं। समाधानका लागि आर्थिक, सामाजिक र मानसिक अप्ठेराहरूको जड पहिल्याउनुपर्छ। कुनै पनि मुलुकका मानिसले बेहोर्ने समस्या हुन्– द्विविधा, अनिश्चितता र असुरक्षा। परम्परागत विधिहरूले मानिसलाई उल्लिखित समस्याको डटेर सामना गर्नुको सट्टा भाग्न सिकाएका छन्। समस्यासँग जुझ्नुपर्छ, सामना गर्नुपर्छ, भाग्नुहुँदैन- लेखक भन्छन्। समस्या समाधानका लागि निरपेक्ष रूपमा आफूभित्र हेर्न सक्नुपर्छ भन्ने कृष्णमूर्तिको ठम्याइ छ।

डर : कारण र निवारण

कृष्णमूर्ति भन्छन्, मानिसका प्रमुख समस्यामध्ये एउटा हो, डर। जहाँ डर हुन्छ त्यहाँ आक्रोश हुन्छ। डर अत्यन्त हानिकारक, अस्पष्ट, अन्धकार र अनिर्णयको प्रतीक हो। दैनिकीसँग गाँसिएका चेतन मनका डरहरू– जस्तै, जागीर खोसिने, श्रीमान्/श्रीमतीबीच पारपाचुके हुने, समाजमा एक्लिने आदि विना अर्थका हुन्छन्। यस्ता डर जीवनभर आइरहन्छन् जसको जालोमा जिन्दगी जकडिइरहेको हुन्छ। यस्ता डरलाई पन्छाउन नसक्दा मान्छे अनिश्चित, चिन्तायुक्त र दुःखी जीवन बाँच्न विवश हुन्छ। डर या त विगतका व्यवहारको उपज हो या अन्योल भविष्यबारे आत्मविश्वासको कमी। 'डरबाट मुक्ति कसरी पाउने त?' भन्ने प्रश्न उठाउँदै लेखकले पुस्तकलाई जिज्ञासामय बनाएका छन्।

व्यक्तिले डरको स्वरूप र प्रकृतिबारे जान्ने प्रयास गर्नुपर्छ जसले डरको सामना गर्न र त्यसलाई परास्त गर्ने बाटो खोलोस्। डर एक्लै आउँदैन खुशीसँगै समेटिएर आउँछ। त्यसैले खुशी रहनु मात्र डरको निराकरण होइन। विचारबाट मात्रै डरको निराकरण हुँदैन। विचारलाई आत्मसात् नगरी डरको सामना गर्नु सो हटाउने क्षणिक

स्वतन्त्रता के हो ? स्वतन्त्रताबारे लेखकले पटक-पटक दोहोऱ्याएर लेखेका छन्। व्यक्तिगत स्वतन्त्रता भनेको जे मनलाग्यो त्यही गर्न पाउनु होइन। खास विचारबाट प्रेरित भई स्वतन्त्रताका बारे लेखिएका दर्शन स्वतन्त्र होइनन्। सोचमग्न दिमागी अवस्था पनि स्वतन्त्र होइन।

मात्र उपाय हो। भोकाएको मान्छेलाई खानेकुराबारे प्रवचन दिनु र खाना दिनु फरक भएजस्तै विचारलाई व्याख्या गर्नु र आत्मसात् गर्नु फरक विषय हुन्। गोमन सर्प खतरनाक छ भनेर सोच्नु र त्यसबाट टाढा रहने प्रयास गर्नु विचार हो भने, सर्प अगाडि पर्दा गरिने व्यवहार समस्याको सामना।

कृष्णमूर्ति थप्छन्, दैनिक क्रियाकलापमा डर, त्रास र खुशी आदिलाई सचेत मस्तिष्कले जम्मा गर्छ भने सपनामा ती प्रकट हुँदै जान्छन्। यसको अर्थ हो हाम्रो मस्तिष्क निद्रामा पनि खुला, सचेत र सतर्क हुन्छ। यदि जागृत स्थितिमा सावधानी र सतर्कतापूर्वक डरलाई बाहिर निकाल्न सक्यौं भने डराउनु आवश्यक पर्दैन, शान्तपूर्वक निदाउन सकिन्छ। बिहान उठेपछि ताजा, अप्रबोध, सजिव दिमाग प्राप्त हुन्छ जसले व्यक्तिलाई खुशी र ऊर्जावान बनाउँछ।

ध्यान र रूपान्तरण

ध्यान गर्नु समस्याबाट मुक्ति पाउने एउटा उपाय हो। त्यसनिम्ति दुःख, गरीबी, डर, त्रास र आतङ्को स्थितिमा पनि मस्तिष्कलाई संवेदनशील र तीक्ष्ण राख्न सक्नुपर्छ। साथै; तर्क, शक्ति, पूर्ण सन्तुलित मानसिक अवस्था व्यवस्थित राखी क्रमबद्ध हिसाबले जानकारी लिनु आवश्यक हुन्छ भने अनुशासित र वस्तुगत ढङ्गबाट सिक्नु पनि । लेखक थप्छन्, सतर्क र सन्तुलित मानसिक अवस्थाका लागि सामाजिक वन्धनमा वर्षौंदेखि जकडिएको दिमाग र निश्चित परिधिभित्र रहेर दोहोऱ्याइरहने व्यवहारबाट मुक्त हुनु आवश्यक हुन्छ। साथै सम्पूर्ण वस्तु र व्यक्तिहरूलाई विना पूर्वाग्रह हेर्न सक्नुपर्छ। अरूका दुर्व्यवहार र प्रशंसालाई छोड्नुपर्छ। आफूले आफैंलाई पनि त्यसरी नै हेर्नुपर्छ। आफ्नो मूर्खतालाई भित्रैदेखि स्वीकार्नुपर्छ भने आफूलाई बुद्धिमानीको जलप लगाउनुहुँदैन। यदि सतर्क हुन सकिएन भने म सतर्क छैन भन्न सक्नुपर्छ। यस्तो आभास हुनासाथ सतर्कता आफैं आउँछ।

सबै किसिमका आस्थाबाट मुक्त भएपछि हामी लोभ, मोह, ईर्ष्या आदिबाट मुक्त हुन्छौं। यस्तो स्थितिमा निर्भयतायुक्त र स्थिर विचार प्राप्त हुन्छ। अनन्त शान्ति प्राप्त गर्न सकिने यो अवस्थाको कुनै खास नाम भने छैन। यस्तो स्थिरता प्राप्तिका लागि स्वतन्त्रता चाहिन्छ। लेखक सुझाव दिन्छन्, आफैंलाई प्रश्न गरौं– यो सम्भव छ कि छैन? कुनै पनि प्रश्नबाट भाग्ने होइन सामना गर्नुपर्छ। उनी थप्छन्, 'उत्तर छ वा छैनमा होइन, मैले परीक्षण गर्छु भन्ने हुनुपर्छ।' 'म ईर्ष्यालु छु' भन्ने भाव र ईर्ष्यालाई अलग राख्दासम्म द्वन्द्व हुन्छ। तर जब म नै ईर्ष्या हुँ भन्ने भावनाबाट आफूलाई ईर्ष्यासँग एकाग्र गराउन सकिन्छ र त्यसलाई भित्रैदेखि स्वीकार्न सकिन्छ, ईर्ष्या आफैं समाप्त हुन्छ। ईर्ष्या एकाग्रतामा विलय हुन्छ। यसरी मस्तिष्कको भित्रैदेखि रूपान्तरण सम्भव हुन्छ।

कृष्णमूर्तिको तर्क छ, हामीले हरेक वस्तुको काल्पनिक रूप तयार पार्छौं र त्यसैसँग सम्बन्ध राख्छौं। यसै कारण द्वन्द्व सृजना हुन्छ। हामी प्रत्यक्ष होइन काल्पनिक रूपसँग जोडिएको हुन्छौं। यो भ्रम पनि हटाउनु आवश्यक छ।

स्वतन्त्रताको प्रश्न

स्वतन्त्रता के हो? स्वतन्त्रताबारे लेखकले पटक-पटक दोहोऱ्याएर लेखेका छन्। व्यक्तिगत स्वतन्त्रता भनेको जे मन लाग्यो त्यही गर्न पाउनु होइन। खास विचारबाट प्रेरित भई स्वतन्त्रताका बारे लेखिएका दर्शन स्वतन्त्र होइनन्। सोचमग्न दिमागी अवस्था पनि स्वतन्त्र होइन। विचार स्वतन्त्रताको समाधान हुन सक्दैन भन्ने तर्क गर्छन्, लेखक। विचारहरूका कारण मानिस धर्म, राजनीति, नश्लवादी सङ्गठन आदिसँग सम्बन्धित हुनपुग्छ, जसले विभाजन निम्त्याउँछ, द्वन्द्व र समस्याहरूको सृजना गर्छ। मान्छेलाई स्वर्गको आश वा नर्कको त्रासले सही बाटोमा लगाउन सकेको छैन। दुई हजार वर्षदेखि मान्छेले आफ्ना विचारलाई स्थापित गराउन जुन प्रयास गरिरहेको छ त्यो अनुचित बन्धन हो, स्वतन्त्रता होइन भन्ने लेखकको धारणा छ। यसो भन्दै लेखकले विभिन्न धार्मिक सम्प्रदायका अनुयायीहरू, राजनीतिक विचारधारा वा दर्शन बोकेका मान्छेहरू स्वतन्त्र हुन नसक्ने तर्क गरेका छन्। अहिलेसम्म विभिन्न धर्म र सम्प्रदायका मानिसहरूले आफ्ना विचार थोपर्न गरेका अतिरञ्जित क्रियाकलापको कृष्णमूर्तिले खुलेर विरोध गरेका छन्, पुस्तकमा। यस्ता सबै विचार र सङ्ग्रहित ज्ञानबाट दिमागलाई मुक्त बनाई हरदम सचेत रहन सक्नु नै पूर्ण स्वतन्त्रता हो भन्ने उनको ठम्याइ छ। स्वतन्त्र र अबोध दिमागको कुनै सीमा हुँदैन जसभित्र यो विशाल संसार अटाउँछ। यस्तो स्वतन्त्रताबाट मनुष्यले हर क्षण असिम आनन्द प्राप्त गर्न सक्छ।

अन्त्यमा,

कृष्णमूर्ति भन्छन्, मानिसको दिमागको ठूलो हिस्सा अनावश्यक विषय र विचारहरूले ओगटेको छ। संसारले मानेको सामाजिक व्यवस्थालाई उनी अव्यवस्थाको संज्ञा दिन्छन्। धार्मिक, राजनीतिक जेसुकै विचार होस् त्यो स्वतन्त्र हुन सक्दैन। ध्यानस्थ हुँदै आफ्नो दिमागलाई स्वतन्त्र बनाउन हरेक विषयलाई विना मूल्याङ्कन वस्तुगत ढङ्गबाट हेरिनुपर्छ भन्ने लेखकको जोड छ। सामाजिक धर्म गणितीय नियममा चल्दैन। आफूभित्रका अव्यवस्था, विरोधाभास, द्विविधा, संघर्ष आदिलाई सावधानीपूर्वक अध्ययन गरिनुपर्छ तर त्यहाँ निन्दा, मूल्याङ्कन र परीक्षण हुनुहुँदैन। लेखक भन्छन्, धर्मको प्रकृति सुन्दर र व्यवस्थित छ यो कुनै सामानजस्तो सङ्ग्रह गरिने विषय बन्न सक्दैन।

कृष्णमूर्तिका सबैजसो प्रवचनमा दोहोरिएर आएका कतिपय प्रसङ्गले पुस्तकमा केही निरसता ल्याउँछ। दोहोरो अर्थ लाग्ने धेरै वाक्य पनि छन्, पुस्तकमा। तथापि धर्म, ध्यान, सुन्दरता र सामाजिक व्यवस्थाबारे जान्न र आफ्नो दृष्टिकोण बनाउन पुस्तक एउटा उपयोगी पाठ्यसामग्री भने छँदैछ। समाजलाई हेर्ने लेखकको दृष्टिकोण अत्यन्त पृथक् छ, जो पुस्तकमा प्रष्ट देखिन्छ। 📖

(गौतम गणित विषय प्राध्यापन गर्छन्।)